आज मिति २०८२।०५।३० गते सोमबारका दिन यस गाउँपालिकाका अध्यक्ष श्री दान बहादुर गुरुङज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको कार्यालयमा कार्यपालिकाको बैठक तपसिल बमोजिमको उपस्थितिमा बसी तपसिल बमोजिमका प्रस्ताबहरुमाथि छलफल गरी तपसिल बमोजिमका निर्णयहरु गरियो ।

उपस्थितिः

| क्र.सं. | दस्तखत | नाम थर | पद |
|---|---|---|---|
| १. | | श्री दान बहादुर गुरुङ | गाउँपालिका अध्यक्ष |
| २. | | श्री माया सिलवाल | गाउँपालिका उपाध्यक्ष |
| ३. | | श्री सन्तबहादुर मगर | १ नं. वडा अध्यक्ष |
| ४. | | श्री पञ्चबहादुर प्रजा | २ नं. वडा अध्यक्ष |
| ५. | | श्री नरबहादुर नेपाल | गा.पा. प्रवक्ता एवं<br>३ नं. वडा अध्यक्ष |
| ६. | | श्री रुद्रप्रसाद उप्रेती | ४ नं. वडा अध्यक्ष |
| ७. | | श्री तेजबहादुर शेरचन | ५ नं. वडा अध्यक्ष |
| ८. | | श्री लक्ष्मण प्रजा | ६ नं. वडा अध्यक्ष |
| ९. | | श्री बमबहादुर थापामगर | ७ नं. वडा अध्यक्ष |
| १०. | | श्री अन्जु चेपाङ | कार्यपालिका सदस्य |
| ११. | पार्वती | श्री पार्वती गुरुङ | कार्यपालिका सदस्य |
| १२. | | श्री टेकमाया गुरुङ | कार्यपालिका सदस्य |
| १३. | परी माया | श्री परिमाया कामी | कार्यपालिका सदस्य |
| १४. | | श्री राजकुमार चेपाङ | कार्यपालिका सदस्य |
| १५. | | श्री शंखबहादुर चेपाङ | कार्यपालिका सदस्य |
| १६. | | श्री चन्द्रकान्त बस्नेत | सदस्य-सचिब |

अन्य उपस्थितिः

१. उद्गम तिमिल्सिना, व.लै.अ.
२. वासु पण्डित . व.शा.अ.
३. कमल राउत . इन्जिनियर

## कार्यपालिका बैठकको प्रस्ताव पेश कार्यसूची

बैठक संख्याः ६०
अध्यक्षताः श्री दानबहादुर गुरुङ, गाउँपालिका अध्यक्ष
बैठक मितिः २०८२।०५।३०
बैठक स्थानः इच्छाकामना गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय, कुरिनटार।
बैठक समयः विहान १०:०० बजे

| मिति | बैठक समय | कार्यसूची | कार्यसूची प्रस्तुतकर्ता | कैफियत |
|---|---|---|---|---|
| २०८२।०५।३० | १०:०० बजे | मिति २०८२।०५।२४ गते जेन्जी आन्दोलनको क्रममा भएको भएको तोडफोड तथा आगजनी सम्बन्धमा। | प्रशासन शाखा | १ |
| २०८२।०५।३० | १०:०५ बजे | कर्मचारीको अतिरिक्त सेवा सुविधा सम्बन्धमा। | आर्थिक प्रशासन शाखा | २ |
| २०८२।०५।३० | १०:१० बजे | आ.व. २०८२।०८३ को योजना सञ्चालन सम्बन्धमा। | योजना शाखा | ३ |
| २०८२।०५।३० | १०:१५ बजे | NCB/IRM/02/082/83, Dhungre Ma.Vi. Bidhyalaya Nirman, IRM Ward 6 कार्यको लागि Site व्यवस्थापन सम्बन्धमा। | पूर्वाधार विकास शाखा | ४ |
| २०८२।०५।३० | १०:२० बजे | NCB/IRM/02/082/83, Ward no. 1 Wada Karyalaya Nirman कार्यको लागि अपुग रकम व्यवस्थापन सम्बन्धमा। | पूर्वाधार विकास शाखा | ५ |
| २०८२।०५।३० | १०:२५ बजे | सेवा करारमा कार्यरत कर्मचारीहरुको म्याद थप सम्बन्धमा। | प्रशासन शाखा | ६ |
| २०८२।०५।३० | १०:३० बजे | विद्यालयहरुको रिक्त दरबन्दीमा शिक्षक पदपूर्तिका लागि विज्ञापन प्रकाशन गर्ने सम्बन्धमा। | शिक्षा शाखा | ७ |
| २०८२।०५।३० | १०:३५ बजे | श्री त्रिवेणी बराह नन्दप्रसाद त्रिपाठी माध्यमिक विद्यालय, इ.गा.पा.-५, मुग्लिङमा कार्यालय सहयोगी पदमा कार्यरत कर्मचारीको पारिश्रमिक सम्बन्धमा। | शिक्षा शाखा | ८ |
| २०८२।०५।३० | १०:४० बजे | गाउँपालिकाको फोहरमैला व्यवस्थापन सम्बन्धमा। | वातावरण शाखा | ९ |

पूर्व बैठकको समीक्षा

मिति २०८२।०५।०५ मा बसेको ५९ औं कार्यपालिका बैठकको निर्णयहरु कार्यान्वयनको अवस्था समीक्षा गरियो। कार्यान्वयन अवस्था सन्तोषजनक रहेको पाइयो।

मिति २०८२।०५।३० मा बसेको ६० औं कार्यपालिका बैठकको निर्णयहरु:

निर्णय नं.१: मिति २०८२।०५।२३ गते GEN-Z ले स्थिर सरकार र भ्रष्ट्राचारको अन्त्यको माग राखी शुरुवात गरेको आन्दोलका क्रममा मृत्यु भएका व्यक्तिहरुप्रति श्रद्धान्जली अर्पण गर्दै घाइते व्यक्तिहरुको शिघ्र स्वास्थ्य लाभको कामना गर्ने। सो को भोलिपल्ट मिति २०८२।०५।२४ गतेका दिन देशका विभिन्न स्थानमा सरकारी तथा निजी सम्पत्तीका साथै यस गाउँ कार्यपालिकाको कार्यालय र मातहतका वडा कार्यालयहरुमा समेत तोडफोड एवं आगजनी भएकोमा खेद प्रकट गर्ने र GEN-Z आन्दोलनका नाममा घुसपैठ गरी आन्दोलनको उद्देश्य विपरित अराजकता मच्चाउने तथा व्यक्तिगत रिसिइबी लिई सार्वजनिक तथा निजी सम्पत्तीमा तोडफोड, आगजनी, लुटपाट एवं निर्दोष व्यक्तिमाथि कुटपिट गर्ने दुषित मनोवृत्तिका साथ घटनामा प्रत्यक्ष संलग्न व्यक्तिहरुमाथि कानून बमोजिम कारबाहीको लागि सम्बन्धित निकायलाई अनुरोध गर्ने।

निर्णय नं.२: GEN-Z आन्दोलनबाट भएको धनजनको क्षतिबाट सिर्जित आर्थिक स्रोतको अभावलाई मध्येनजर गर्दै इच्छाकामना गाउँपालिका कर्मचारी प्रोत्साहन कार्यविधि, २०७९ बमोजिम कर्मचारीहरुलाई प्रदान गर्रिदै आएको अतिरिक्त समयमा काम गरेबापत पाउने सेवा सुविधा इच्छाकामना आधारभूत अस्पतालमा कार्यरत चिकित्सक (Doctors) तथा सार्वजनिक विदाको दिनमा अस्पतालको इमर्जेन्सी सेवामा खटिने स्वास्थ्यकर्मी र कर्मचारीहरुबाहेक अन्य कर्मचारीहरुको हकमा अर्को निर्णय नहुन्जेलसम्मको लागि उपलब्ध नगराउने। अस्पतालमा कार्यरत चिकित्सकहरुको दरबन्दी ३ जना रहेकोमा डा. संगम न्यौपानेले मिति २०८२।०३।२० देखि लागु हुनेगरि राजिनामा स्विकृत भएकोले ३ जना चिकित्सकको ब्यवस्था नहुँदासम्मको लागि अस्पतालमा कार्यारत २ जना चिकित्सकहरुलाई मासिक खाइपाइ आएको तलब स्केलमा १०० प्रतिशत प्रोत्साहन भत्ता उपलब्ध गराउने। साथै ल्यावमा कार्यरत कर्मचारीहरुलाई जोखिम भत्ता यथावत उपलब्ध गराउने ।

निर्णय नं.३: GEN-Z आन्दोलनबाट सिर्जित विषम परिस्थितिका कारण सङ्घ तथा प्रदेशबाट वित्तीय हस्तान्तरण मार्फत प्राप्त हुने रकम तथा अनुदान रकमहरु तोकिएको मात्रामा प्राप्त हुने विषयमा निश्चिन्त हुन सकिने अवस्था नरहेकोले स्रोतको एकिन नगरि गाउँपालिका तथा वडास्तरीय कुनै पनि योजनाहरुको सम्झौता प्रकृया अगाडी नबढाउने। तर गाउँ कार्यपालिकाको कार्यालय र मातहतका वडाहरको सेवा प्रवाह गर्नको लागि आवश्यक पूर्वाधार मर्मत सम्मभार, जिन्सी र इलेक्ट्रोनिक सामाग्रीहरुको व्यवस्थापन कार्य अगाडी बढाउने। कार्यालयको लागि आवश्यक सवारी साधन ब्यवस्थापनको लागि १५ दिनको सुचना प्रकाशन गरि प्रतिस्पर्धा मार्फत् सवारी भाडामा लिने ब्यवस्था गर्ने । साथै मनसुनको समाप्तिसँगै चाडपर्व लक्षित गरी गाउँपालिका क्षेत्रभित्र रहेका सडक सरसफाईको कार्य अगाडी बढाउने।

निर्णय नं.४: NCB/IRM/02/082/83, Dhungre Ma. Vi. Bidhyalaya Nirman, IRM Ward 6 कार्यको लागि उक्त विद्यालयले भोगचलन गर्दै आएको जग्गामा निर्माण गर्ने। विद्यालय परिसरको दक्षिणतर्फ रहेको जीर्ण भवन रहेको स्थानमा नयाँ भवन निर्माण गर्ने र भवन निर्माणको लागि Site विद्यालयले व्यवस्थापन गर्ने।

निर्णय नं.५: NCB/IRM/02/082/83, Ward no. 1 Wada Karyalaya Nirman कार्यको लागि मिति २०८२।०५।१२ को निर्णय बमोजिम अपुग हुने रकम आन्तरिक स्रोतबाट स्रोत सुनिश्चित हुने गरी आगामी गाउँ सभामा पेश गर्ने।

निर्णय नं.६: गाउँ कार्यपालिकाको कार्यालय तथा वडा कार्यालयहरुमा करार सेवामा कार्यरत तपसिल बमोजिमका कर्मचारीहरुको कार्यसम्पादन सन्तोषजनक नभएकोले आ. व. २०८२।०८३ को लागि करार सम्झौताको म्याद थप नगर्ने।

तपसिल:

क. सुमन पुरी, कार्यालय सहायक, इच्छाकामना गाउँ कार्यपालिकाको कार्यालय
ख. श्याम बहादुर चेपाङ, कार्यालय सहयोगी, २ नं. वडा कार्यालय
ग. शोभाकर बस्ताकोटी, ना.प.स्वा.प्रा.(OVOT), ६ नं. वडा कार्यालय

दान बहादुर गुरुङ
गाउँपालिका अध्यक्ष

चन्द्रकान्त बस्नेत
प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं.७:** सङ्घीय अनुदान रकमबाट शुन्य दरबन्दी भएका तपसिल बमोजिमका विद्यालयहरुमा दरबन्दी स्वीकृत गरी विज्ञापन प्रकाशन गर्ने।

**तपसिलः**

| क्र.सं. | विद्यालयको नाम | विषयगत रुपमा आवश्यक शिक्षक संख्या | | | कैफियत |
|---|---|---|---|---|---|
| | | अंग्रेजी | गणित | विज्ञान | |
| १ | श्री राष्ट्रिय मा.वि. हात्तीबाङ, इ.गा.पा.-१ | १ | - | - | |
| २ | श्री जनप्रिय मा.वि. काउले, इ.गा.पा.-२ | - | १ | - | |
| ३ | श्री माझगाउँ मा.वि. माझगाउँ, इ.गा.पा.-३ | १ | - | - | |
| ४ | श्री मा.वि. ढुङ्ग्रे, इ.गा.पा.-६ | १ | - | - | |
| ५ | श्री राष्ट्रिय मा.वि. गर्दास, इ.गा.पा.-७ | १ | - | - | |
| ६ | श्री रानीखोला मा.वि. सिमलढाप, इ.गा.पा.-७ | - | १ | १ | |
| जम्मा | | ४ | २ | १ | |

**निर्णय नं.८:** इच्छाकामना गाउँपालिका ५ नं वडा स्थित श्री त्रिवेणी वराह नन्द प्रसाद त्रिपाठी माध्यमिक विद्यालयमा कार्यरत कार्यालय सहयोगी कर्मचारी श्री शान्ता बुढाथोकी बस्नेतलाई मासिक रु. १७,०००।- ( सत्र हजार) आ. व. २०८२।०८३ को श्रावण महिनादेखि लागु हुने गरि विद्यालयको बैंक खातामा उपलब्ध गराउने ।

**निर्णय नं.९:** यस गाउँपालिकाको फोहर ब्यवस्थापनको लागि श्री इको फेमिली प्रा. लि. हेटौडा- ११, मकवानपुर, सँग मिति २०७९।०८।२८ गतेका दिन ५ बर्षको लागि फोहर ब्यवस्थापन सम्बन्धी सम्झौता भएकोमा, उक्त फर्मले सम्झौता बमोजिम कार्य नगरेको कारण गाउँपालिकाको फोहर ब्यवस्थापन सन्तोषजनक नभएको कारण उक्त फर्मले सम्झौता रद्द गरि पाउँ भनि दिएको निवेदन समेतको आधारमा उक्त फर्म सँगको सम्झौता रद्द गर्ने र कार्यालयले तयार गरेको कार्यक्षेत्रगत शर्त स्विकृत गरि फोहर ब्यवस्थापनको कार्य अगाडी बढाउने ।

दान बहादुर गुरुङ
गाउँपालिका अध्यक्ष

चन्द्रकान्त बस्नेत
प्रमुख प्रशासकीय अधिकृत